टीकापुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड-५, संख्या-५५ मिति २०८१/०१ /१० गते

## भाग - ३

टीकापुर नगरपालिका नगरकार्यपालिका कार्यालयको

सूचना

**अनुगमन तथा सुपरिबेक्षण** (पहिलो संशोधन) कार्यविधि २०८१,

टीकापुर नगरपालिकाको देहाय बमोजिमको **अनुगमन तथा सुपरिबेक्षण** कार्यविधि,२०७५ लाई संसोधन गर्न वाञ्छनीय भएकोले,

**अनुगमन तथा सुपरिबेक्षण** कार्यविधि,२०७५ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी टीकापुर नगरपालिकाले देहायका दफाहरु बनाएको छ ।

१.<u>संक्षिप्त नाम र प्रारम्भ</u> : यो नियमावलीको नाम **अनुगमन तथा सुपरिबेक्षण कार्यविधि** (पहिलो संशोधन) २०८१ रहेको छ ।

स्थानीय राजपत्र

२. दफा ४ मा संसोधन : **अनुगमन तथा सुपरिबेक्षण** कार्यविधि, २०७५ को दफा ४ मा “आयोजना छनोट विधि वा प्रक्रिया

(क) आयोजना/कार्याक्रमको लागि बजेटको शुनिश्चितता

(ख) आयोजना /कार्यक्रम छनोटका लागि कार्यविधिमा उल्लेखित आयोजना संचालनका क्षेत्रहरुमा उल्लेखित विषयहरुलाई मध्येनजर गर्दै नगरपालिका प्रमुख तथा उपप्रमुखले पहिचान गरेका, अनुमगमनका क्रममा देखेका जरुरी माग सम्बन्धी निवेदन तथा अन्य आवश्यक ठानेका महत्वपूर्ण आयोजना/ कार्यक्रमहरु र तत्काले सम्बोधन गर्नु पर्ने जनताका अति आवश्यक आयोजना/ कार्यक्रम छनोट गरिनेछ,

(ग) यसरी छनोट गरेका आयोजना/कार्यक्रमको लागि सोही कार्यक्रममा विनियोजन गरिएको बजेटबाट नगर कार्यपालिकाबाट निर्णय गराई सम्बन्धित योजना/कार्यक्रममा रकम छुत्याईने छ, तर एक लाख वा एक लाख भन्दा कमका योजना तथा कार्यक्रमका लागि सोझै नगर प्रमुख तथा उप-प्रमुखको तोकाआदेशबाट उपलब्ध गराउन सकिनेछ घ आयोजना/कार्यक्रम कार्यान्वयन विधि :

(ङ) उपभोक्ता समिति मार्फतः

(च) समुह संघ संस्था मार्फत :

(छ) एकमुष्ट अनुदान मार्फत :

(ज) लागत सहभागिताबाट : ”

**भन्ने वाक्यांसको सट्टा** “ ४.१ आयोजना छनोट विधि तथा प्रकिया निम्न बमोजिम हुनेछ :

(क)

(ख)

(ग)

**४.२ आयोजना/कार्यक्रम कार्यान्वयन विधि :**

(क) उपभोक्ता समिति मार्फत

(ख) समुह संघ संस्था मार्फत

(ग) एकमुष्ट अनुदान मार्फत

(घ) लागत सहभागिता मार्फत ” **भन्ने वाक्यांस राखिएको छ ।**

स्थानीय राजपत्र

३. दफा ८ मा संसोधन : **अनुगमन तथा सुपरिबेक्षण कार्यविधि, २०७५** को दफा ८ मा "अनुमगन/ मूल्याङ्कन : जनता सँग मेयर/ उप-मेयर कार्यक्रमको अनुमगन तथा मूल्याङ्कन नगरपालिकामा गठित कार्यक्रमको अनुमगन तथा मूल्याङ्कन समितिले गर्नेछ, साथै अनुमगन समितिले गरेका कामको चौमासिक र वार्षिक प्रतिवेदन नगर कार्यापलिकाको बैठकमा पेश गर्नु पर्नेछ, अनुमगन समितिले दिएका रचनात्मक सुझावलाई ग्रहण गर्दै जनतासँग मेयर/उपमेयर कार्यक्रमलाई बढी जनमुखी, प्रभाकारी र पारदर्शी बनाउदै अझै बढी परिस्कृत गर्दै लगिने छ" **भन्ने वाक्यांसको सट्टा** "अनुमगन/मूल्याङ्कन : जनता सँग मेयर/उपमेयर कार्यक्रमको अनुमगन तथा मूल्याङ्कन नगरपालिकामा गठित कार्यक्रमको अनुमगन तथा मूल्याङ्कन समितिले गर्ने छ, साथै अनुमगन समितिले गरेका कामको चौमासिक र वार्षिक प्रतिवेदन नगर कार्यापलिकाको बैठकमा पेश गर्नु पर्नेछ, अनुमगन समितिले दिएका रचनात्मक सुझावलाई ग्रहण गर्दै जनता सँग मेयर/उप-मेयर कार्यक्रमलाई बढी जनमुखी, प्रभाकारी र पारदर्शी बनाउदै अझै बढी परिस्कृत गर्दै लगिने छ,

तर एकमुष्ट अनुदान वितरण कार्यक्रम अन्तर्गत अनुदान दिन सकिने रु. १,००,०००/- सम्मको पूर्वाधार निर्माणका कार्यक्रम बाहेक सोझै जिन्सी शाखाबाट खरिद गरिने कार्यक्रमको अनुगमन आवश्यकताका आधारमा गर्ने " भन्ने वाक्यांस राखिएको छ ।

**आज्ञाले,**
नाम :- दमन सिंह चौधरी
प्रमुख प्रशासकीय अधिकृत
टीकापुर नगरकार्यपाकिाको कार्यालय

स्थानीय राजपत्र